# विद्यार्थी भर्ना तथा पारगमन सुझावहरू

## बाल्टिमोर काउण्टी पब्लिक स्कूल्स (Baltimore County Public Schools) मा स्वागत छ!

तपाईंको निवास छनोट गर्ने क्रममा विद्यालयहरू प्राथमिक सरोकारको विषय हुन् भन्ने हामीलाई थाहा छ र तपाईंले बाल्टिमोर काउण्टी पब्लिक स्कूल्स (Baltimore County Public Schools) छनोट गर्नुभएकोमा हामी धेरै खुशी छौं।

## COVID-19 को कारण बन्द भएको अवधिमा भर्ना

राज्यद्वारा अनिवार्य ठहर गराएअनुसार, BCPS का सबै भवनहरू थप सूचना नआउँदासम्म बन्द रहन्छन्। भर्नाको प्रक्रिया सुरु गर्नको लागि, हामीले परिवारहरूका लागि दूरी कायम राख्ने वातावरणमा भर्ना सुरु गर्नको लागि निम्न संसाधनहरू विकास गरेका छौं।

**तपाईंको बच्चा विद्यालय लागि योग्य हुनुहुन्छ?**

- प्रिस्कूलको लागि योग्य हुन, बच्चा सेप्टेम्बर 1 मा/अघि तीन वर्ष पुगेको हुनुपर्छ। यो हाम्रो तीन वर्ष उमेरको लागि कार्यक्रम प्रस्ताव गर्ने विद्यालयहरूको सूची हो।
- प्रि-किन्डरगार्टेनको लागि योग्य हुन, बच्चा सेप्टेम्बर 1 मा/अघि चार वर्ष पुगेको हुनुपर्छ।
- किन्डरगार्टेनको लागि योग्य हुन, बच्चा सेप्टेम्बर 1 मा/अघि पाँच वर्ष पुगेको हुनुपर्छ।

# तपाईंको बच्चालाई नामाङ्कित गराउनको लागि यी चरणहरूको पालना गर्नुहोस्। भर्ना फाराम पूरा नहुँदासम्म र सबै कागजातहरू स्वीकार नगरिँदासम्म विद्यार्थीको भर्ना अन्तिम हुँदैन।

**आफ्नो बच्चाको विद्यालय फेला पार्नुहोस्।**

- तपाईंको ठेगानाको आधारमा विद्यालयहरू खोज्नका लागि हाम्रो स्कूल बाउन्डरीज लोकेटर प्रयोग गर्नुहोस्। त्यसपछि, कृपया पुष्टि गर्नको लागि रणनीति योजना कार्यालयलाई 443-809-4215 मा फोन गर्नुहोस्।

**आवश्यक जानकारी सङ्कलन गर्नुहोस्।**

- बच्चालाई भर्ना गर्दा, तपाईंलाई निम्न प्रस्तुत गर्न आवश्यक हुनेछ:

    - Rule 5150 को अनुसार बाल्टिमोर काउन्टी निवासीको प्रमाण (निवासीको 3 वटा प्रमाण सहित कार्य वा लिज र फोटो आइडी)
    - जन्मदर्ताको प्रमाणपत्र
    - प्रतिरक्षण खोपको रेकर्ड
    - बच्चाको हालसालै रिपोर्ट कार्डको प्रतिलिपि (लागूयोग्य भएमा)
- विद्यार्थी अर्को पब्लिक स्कूलबाट म्यारिल्याण्डमा स्थानान्तर गर्दै हुनुहुन्छ भने, म्यारिल्याण्ड विद्यार्थी स्थानान्तर रेकर्डको प्रतिलिपि आवश्यक हुनेछ। यो फाराम विद्यार्थी स्थानान्तर भएको विद्यालयबाट प्राप्त गर्न सकिन्छ।

**अनलाइन भर्ना फाराम पूरा गर्नुहोस्।**

- तपाईंलाई प्रत्येक कागजातको (दुई विकल्पहरू) प्रतिलिपि पेश गर्न आवश्यक हुनेछ।
    - कागजातलाई स्क्यान गरी अनलाइन भर्ना फाराममा संलग्न गर्नुहोस्, वा
    - भवनहरू फेरि खुला भएपछि प्रत्येक कागजातको प्रतिलिपि लिएर विद्यालय आउनुहोस्।

**यसपछि के गर्ने?**

- फाराम पेश गरिसकेपछि, विद्यालय कर्मचारीले भर्नाको प्रक्रिया सुरु गर्नुहुनेछ। अर्को, सबै आवश्यक कागजातिकरण उपलब्ध नगराउँदासम्म भर्नाको प्रक्रिया पूरा हुँदैन।
- विद्यालय कर्मचारीले परिवारहरूलाई भर्नाको प्रक्रिया पूरा भइसकेपछि थाहा दिनको लागि र भर्नाको अन्तिम निष्कर्ष निकाल्न आवश्यक हुने कुनै पनि अतिरिक्त कागजात पहिचान गर्नको लागि उहाँहरूलाई जानकारी गराउनुहुनेछ।

## तपाईंको बच्चाको भर्ना गर्ने

म पहिलो पटक आफ्नो बच्चाको भर्ना बाल्टीमोर काउण्टी पब्लिक स्कूल्स (Baltimore County Public Schools) मा गराउँदै छु

म मेरो बच्चाको 2020-2021 विद्यालय वर्षको लागि साझा गरिएको निवास-स्थान नवीकरण पेश गर्दै छु

म 2020-2021 विद्यालय वर्षमा ग्रेड 5 वा 8 बाट ग्रेड 6 वा ग्रेड 9 मा पारगमन हुन गइरहेको आफ्नो बच्चाको निमित्त निवास-स्थानको पुन: प्रमाणीकरण पेश गर्दै छु।

## तपाईंलाई प्रविधिमा समस्याहरू भएमा वा यो वेबसाइटमा पहुँच गर्न नसक्ने कोही व्यक्तिलाई चिन्नुहुन्छ भने:

- कृपया विद्यार्थी कर्मचारी सेवा कार्यालयलाई 443-809-0404 मा फोन गर्नुहोस्।

## तपाईंको बच्चा अङ्ग्रेजी बाहेक अन्य भाषा बोल्नुहुन्छ भने:

- किन्डरगार्टेनदेखि 5 ग्रेडहरूका लागि, तपाईंको बच्चा उनीहरूको जोन्ड स्कूलमा उपस्थित हुनेछन् र तिनीहरूले माथिको अनलाइन भर्ना फाराम पूरा गर्नुपर्छ।
- 6 देखि 12 ग्रेडहरूका लागि, तपाईंको बच्चा ESOL (अन्य भाषाहरू बोल्नेहरूका लागि अङ्ग्रेजी) केन्द्रमा उपस्थित हुनुहुनेछ। तपाईंको बच्चाको नामाङ्कन सम्बन्धी अतिरिक्त निर्देशनको लागि ESOL Welcome Center लाई 443-809-6752 मा सम्पर्क गर्नुहोस्।

## पारम्पारिक नामाङ्कनहरू

तल सूचीबद्ध गरिएका पारम्पारिक नामाङ्कन प्रकारहरूलाई विद्यालयद्वारा पूरा गर्न सकिन्छ। आमाबुवा/अभिभावकहरूले कुन जीवनयापन व्यवस्थाले सही तरिकामा उनीहरूको परिस्थितिलाई व्याख्या गर्छ भनी निर्धारण गर्नका लागि यस खण्डको प्रत्येक विवरणहरू पढ्नुपर्छ।

**पारम्पारिक नयाँ प्रवेशी**

विद्यार्थी बाल्टिमोर काउण्टीको घरमालिक वा लिजधारक आमाबुवा वा कानूनी अभिभावकको संरक्षणमा हुनुहुन्छ।

**पारगमन-वर्षको प्रमाणीकरण**

विद्यार्थी इलिमेन्ट्रीबाट मिडल स्कूल (ग्रेड 5 देखि 6 मा) वा मिडलदेखि हाइ स्कूल (ग्रेड 8 देखि 9 मा) पारगमन गर्दै हुनुहुन्छ; आमाबुवा वा कानूनी अभिभावकले बाल्टिमोर काउण्टीमा निरन्तर निवास-स्थान स्थापना गर्नुपर्छ।

**साझा गरिएको निवास-स्थान नवीकरण**

विद्यार्थी आफ्नो व्यक्तिगत कार्य वा लिजको सुविधा बिना बाल्टिमोर काउण्टीमा बस्न जारी राख्ने आमाबुवा वा कानूनी अभिभावकको संरक्षणमा हुनुहुन्छ; विद्यार्थीसँगै बस्ने घरमालिक वा लिजधारक बाल्टिमोर काउण्टीको निवासी हो।

**प्रि-किन्डरगार्टेन**

विद्यार्थी बाल्टिमोर काउण्टीको घरमालिक वा लिजधारक कानूनी आमाबुवा वा अभिभावकको संरक्षणमा हुनुहुन्छ। ***यदि आमाबुवा बाल्टिमोर काउण्टीको घरमालिक वा लिजधारक होइन भने, साझा गरिएको निवास-स्थानको रूपमा विद्यार्थीको हकहित कर्मचारीको सन्दर्भ लिनुहोस्।***

**किन्डरगार्टेन**

विद्यार्थी बाल्टिमोर काउण्टीको घरमालिक वा लिजधारक कानूनी आमाबुवा वा अभिभावकको संरक्षणमा हुनुहुन्छ। ***यदि आमाबुवा बाल्टिमोर काउण्टीको घरमालिक वा लिजधारक होइन भने, साझा गरिएको निवास-स्थानको रूपमा विद्यार्थीको हकहित कर्मचारीको सन्दर्भ लिनुहोस्।***

## गैर-पारम्पारिक नामाङ्कनहरू

गैर-पारम्पारिक नामाङ्कनहरूमा साझा गरिएको निवास-स्थान, घरबारविहीनता, दु:खी, आफन्त, निकाय प्रतिस्थापन र राज्यद्वारा सञ्चालित नामाङ्कनहरू समावेश हुन्छन्। यी प्रकारका नामाङ्कनको लागि विद्यालयको निवास-स्थान अन्वेषकको स्वीकृति आवश्यक हुन्छ। आमाबुवा/अभिभावकहरूले कुन जीवनयापन व्यवस्थाले सही तरिकामा उनीहरूको परिस्थितिलाई व्याख्या गर्छ भनी निर्धारण गर्नका लागि यो खण्डको विद्यार्थी कर्मचारी सेवा कार्यालयको वेबपृष्ठहरूमा गएर गैर-पारम्पारिक नामाङ्कनहरूको बारेमा थप जान्न सक्नुहुन्छ।

## मैले बाल्टीमोर काउण्टी पब्लिक स्कूल्स (Baltimore County Public Schools) को बारेमा थप जानकारी कसरी पाउन सक्छु?

- तपाईंको बच्च उपस्थित हुने विद्यालयमा हाम्रो स्कूल डारेक्टोरीप्रयोग गरी सम्पर्क गर्नुहोस्।
- यो वेबसाइटको About Us (हाम्रो बारेमा) खण्डमा जानुहोस्।